महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## मंगला गाउँपालिका, म्याग्दी

## ८०४४४५०३३००

## मंगला गाउँपालिका , म्याग्दी

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-९

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
मंगला गाउँपालिका, म्याग्दी ,
मंगला गाउँपालिका , म्याग्दी

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१/०५/१५ मा छलफल पश्चात तयार गरिएको पाना २८ (अट्ठाइस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी ऐनको दफा ३७(४) बमोजिम कारबाहिकालागि लेखाउत्तरदायी अधिकृत/ कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

प्रमोद कुमार मण्डल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरवार, काठमाडौं । ,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, म्याग्दी
। , dtco_myagdi@fcgo.gov.np

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ८८.८४ वर्ग किलोमिटर तथा १४६८८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।११ देखि २०८१।५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको प्राप्ति तथा भुक्तानी तर्फको जम्मा रु.५५,८४,०३,१७०/२६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसार रकम असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता वितरण पश्चात बैकमा बाँकी रहेको फिर्ता | 35631 |
| २ | मंगला मा.वि.लाई प्राविधिक धारतर्फको शिक्षक तलब भत्तामा बढी भुक्तानी भएको असुली दाखिला | 30000 |
| ३ | दिपशिखा मा.वि.लाई शिक्षकको तलब भत्तामा बढी भुक्तानी भएको असुली दाखिला | 58526 |
| | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३ **एकीकृत आर्थिक विवरणः**

कार्यालयले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरण देहाय अनुसार रहेको छः

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,म्याग्दी

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट, गैरबजेटरी तथा वित्तिय हस्तान्तरण समेत)

मंगला गाउँपालिका कार्यपालिकाको कार्यालय बाबियाचौर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

२७०

कार्यालयको कोड : ८०४४४५०३३००

आ.व २०८०/०८१

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | २५१५६४७६४.०० | |
| | क. नगद | | | २ | पूँजीगत खर्च | १२६७९४७८९ | |
| | ख. बैंक | ४३७९७३३५.८४ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | ० | |
| २ | राजस्व (आन्तरिक आय) | | | | क. ऋण भुक्तानी | ० | |
| | क. आन्तरिक राजस्व | ६२९०९८३.४८ | | | ख. ब्याज भुक्तानी | ० | |
| | ख. राजस्व बाँडफाँड | ६८०८०६९८.४६ | | | ग. अन्य भुक्तानी | ० | |
| | ग. अन्य आय | | | ४ | लगानी | ० | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | | | ऋण लगानी | ० | |
| | क. वित्तीय समानीकरण अनुदान | ७५९८१००० | | | शेयर लगानी | ० | |
| | ख. सशर्त अनुदान | २०६८०५००० | | | सामाजिक सुरक्षा कोष खर्च | ० | |
| | ग. समपूरक अनुदान | १३६७३२७५ | | ५ | धरौटी फिर्ता | २४५७६५३ | |
| | घ. विशेष अनुदान | १५००५९१० | | ६ | जनश्रमदान फिर्ता | ० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | कोष फिर्ता | ३०५७३१२ | |
| | क. वित्तीय समानीकरण अनुदान | ७२७८७५० | | ८ | मौज्दात | ० | |
| | ख. सशर्त अनुदान | | | | क. बैंक मौज्दात(संचित कोष) | ४२००२१६०.१४ | |
| | ग. समपुरक अनुदान | ४२८३७५८ | | | ख. नगद मौज्दात | ० | |
| | घ. विशेष अनुदान | ३८५४१०० | | ९ | शसर्त अनुदान फिर्ता | १५७५३५६४ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | | |
| ६ | सामाजिक सुरक्षा कोष | | | ११ | जनश्रमदान मौज्दात | | |
| | क. क्षेत्रीय शहरी विकास योजना | | | १२ | धरौटी मौज्दात | ५९११६०५.१२ | |
| | ख. सडक बोर्ड नेपाल | | | १३ | कोष खाताको मौज्दात | ४६६७९३४.५२ | |
| | ग. पर्यटन बोर्ड नेपाल | | | १४ | बिबिध खर्च खाता मौज्दात | ६६४१४९.४८ | |
| | घ. एन एन एस डब्लु ए | | | १५ | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | |
| ७ | विभिन्न कोषतर्फको आय | ४५६५९४९.२२ | | | क.सामाजिक सुरक्षा तथा संरक्षण | १०२७९७२८० | |
| ८ | जनसहभागिता (नगद) | | | | ख.राष्ट्रपति महिला शशक्तिकरण परियोजना | ८२६९५९ | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९०५००० | |
| १० | धरौटी आय | ३२२१४८१ | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्तरसरकारि वित्तिय हस्तान्तरण | | | | | | |
| | क.सामाजिक सुरक्षा तथा संरक्षण | १०२७९७२८० | | | | | |
| | ख.राष्ट्रपति महिला शशक्तिकरण परियोजना | ८२६९५९ | | | | | |
| | ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९०५००० | | | | | |
| १३ | अन्य विविध आय | ३५६९०.२६ | | | | ० | |
| | जम्मा | ५५८४०३१७०.२६ | | | जम्मा | ५५८४०३१७०.२६ | |

शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भविलाल उपाध्या
लेखा प्रमुख

सैद्धान्तिक बेरुजु

## ४ वित्तिय विवरणको यथार्थताः

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,२७,९७,२८०/-, राष्ट्रपति महिला शसक्तिकरण परियोजनाको रु. ८,२६,९५९/- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमकर रु.१९,०५,०००/- गरी जम्मा रु. १०,५५,२९,२३९/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट



https://nams.oag.gov.np

तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.७२,२८,८७१/- राजस्व बाँडफाँड र अनुदानबाट रु .३७,८३,८१,०३९/- समेत रु.३८,५६,०९,९१०/- आम्दानी भएकोमा चालु तर्फ रु २५,१५,६४,७६४/- र पूँजिगत तर्फ रु.१२,६७,९४,७८९/- समेत रु.३७,८३,५९,५५३/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७४,१७,३३०/- खर्च भएको छ जुन आन्तरिक आयको १०२.६१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.४९ प्रतिशत चालु र ३३.५१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रमः**

६.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८०।८१ मा कुल १०५ योजनामा वजेट विनियोजन गरेको छ।

| योजना सङ्ख्या | रु.१ लाख सम्मका योजना सङ्ख्या | रु.५ देखि१० लाख सम्मका योजना सङ्ख्या | रु.१० देखि २० लाखका योजना सङ्ख्या | रु.२० लाख देखि ५० मका योजना सङ्ख्या | रु.५० लाख भन्दा माथि योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| ५ | २० | ५७ | १६ | ७ | ५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८८ योजनामात्र कार्यान्वयन भई १७ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७६६७००० | २१४१३७६६ | ५.६६ |
| २ | पूर्वाधार विकास | १२२८७४९३१ | ८४६५४५०३ | २२.३७ |
| ३ | सामाजिक विकास | २४६४२५५०० | २२२३२०१३३ | ५८.७६ |
| ४ | संस्थागत विकास , सेवा प्रवाह र सुशासन | १७९५०००० | ३८२६२७० | १.०१ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६७९५७००० | ४६१४४८८१ | १२.२० |
| | जम्मा | ४८२८७४४३१ | ३७८३५९५५३ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.७६ प्रतिशत र संस्थागत विकासमा सबै भन्दा घटीमा १.०१ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

६.३ स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुख प्रेम कुमारी खत्री क्षेत्रीले मिति २०८०।३।१० मा रु. ४७ करोड ६३ लाख ६९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै प्रमुख प्रशासकिय अधिकृतलाई खर्चको अख्तियारी प्रदान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ बजेट तथा कार्यक्रम तर्जुमाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ सेवा प्रवाह विवरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार सेवाप्रवाह निम्नानुसार रहेको छः

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ३५९ |
| मृत्युदर्ता | १५७ |
| बसाईसराई दर्ता | ७० |
| विवाह दर्ता | २०० |
| सम्बन्धविच्छेद दर्ता | ३९ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा विवरण प्राप्त भएन ।

सैद्धान्तिक बेरुजु

## १० संगठन तथा कर्मचारी व्यवस्थापनः

१०.१ स्थानीय सेवा (गठन तथा सञ्चानल) नियमावली,२०८० को नियम ७४ (४) मा जिल्ला कार्यालयको हकमा प्रदेश लेखा इकाईबाट तलबी प्रतिबेदन पारित गर्नुपर्ने उल्लेख छ । कार्यालयले कार्यालय प्रमुख स्तरको निर्णय गरी तलब भत्तामा जम्मा रु.१,१७,६३,३७३।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। मिति २०७९।१२।२७ गतेको पन्ध्रौं विशेष गाउँसभाले पालिका अन्तरगत विभिन्न तह र पदका जम्मा १०३ कर्मचारी हुनेगरी मंगला गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७९ स्वीकृत गरेको देखियो। स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६१ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि विकास अधिकृत, सहायक पाँचौ, प्राविधिक सहायक, अमिन लगायत सहित ४२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ११ सम्पत्ति उपयोग र संरक्षणः

११.१ स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । अभिलेख राख्नुपर्नेमा राखेको पाइएन ।

सैद्धान्तिक बेरुजु

११.२ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गराई जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने उल्लेख छ । कार्यालयले मिति २०८१/०५/०६ मा तयार गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेखित देहायका व्यहोरामा सुधार भएको देखिएन ।

- अन्य निकाय/कार्यालयमा खर्च भएर नजाने जिन्सी जिन्सी किताबको अभिलेख तयार पारेको पाइएन ।
- वडा कार्यालय स्वास्थ्य चौकीमा हाल सम्म रहेका खर्च भएर नजाने जिन्सी सामाग्रीहर सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दर्ता गरी एकिकृत विवरण तयार गरेको छैन ।
- ल्यापटप, डेक्सटप, बाट्री, इन्भटर, रिभल्विङ चियर, मोटरसाइकल लगायतका सामानहरु मर्मत गरेको पाइएन ।

उपरोक्त कैफियत सुधार गरि जिन्सि अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ कानून निर्माण एवं कार्यान्वयनः

१२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ३० गरी कुल ४० विवाद दर्ता भएकोमा २६ वटा मात्र फर्स्यौट भई १४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ३ वटा नियमावली, ३१ कार्यविधि लगायत ६७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

सैद्धान्तिक बेरुजु

## १३ COPOMIS को प्रयोग सम्बन्धमा:

सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली संचालन कार्यविधि,२०७७ को दफा २९ मा सहकारी ऐन,२०७४ बमोजिम गठित सबै संघ, संस्था र सहकारी बैंकले सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणालीको अनिवार्य रुपमा प्रयोग गर्ने र प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्नुपर्ने व्यवस्था छ । पालिकाले दिएको विवरणअनुसार यस गाउँपालिकाको कार्यक्षेत्र रहेर संचालित कुल ११ वटा सहकारी संस्था मध्ये जम्मा ५ वटा सहकारी संस्थामात्रै यस गाउँपालिकाको नियमन क्षेत्र भित्र

परेको देखियो । उक्त ५ वटा सहकारी संस्थाहरुमध्ये ईन्द्रेणी महिला बचत तथा ऋण सहकारी संस्था र थाइबाङ लायन्स मोडेल भिलेज कृषि सहकारी संस्थाले सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणालीको अनिवार्य रुपमा प्रयोग गरेको पाइएन । पालिकाले आफ्नो नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली संचालन कार्यविधि,२०७७ अनुसार गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली अनिवार्य रुपमा विवरण अद्यावधिक गर्न लगाई पालिकाले नियमित अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **विवध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले विविध खर्च तर्फ रु.२४,०७,३४७/-खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.७२,०६,८७१/- को ३३.४० प्रतिशत हुन आउँछ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। यस वर्ष पालिकाले अध्यक्षसँग राहत तथा पुनर्स्थापना कार्यक्रममा रु.५,००,०००/- विनियोजन गरी रु. ४,७८,०००/- खर्च गरेको देखियो । पालिकाले यो कार्यक्रम संचालन सम्बन्धमा कार्यविधि तथा मापदण्ड तयार गरेको देखिएन । वडा कार्यालयबाट गरीब विपन्न, एकल महिलालाई उपचार खर्च तथा प्राकृतिक प्रकोपबाट भएको क्षतिको राहत तथा उद्दारको लागि वडाको सिफारिस, गाउँपालिका अध्यक्षको तोक आदेश र कार्यपालिकाको निर्णय बमोजिम प्रतिव्यक्ति रु. ८,०००/- देखि रु. ३०,०००/- सम्म भूक्तानी दिएको देखियो । पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३० व्यक्तिहरुलाई जम्मा रु.४,७८,०००।- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आर्थिक वर्ष २०८०।८१ मा लेखाको कर्मचारीको दरबन्दी रिक्त रहेको तथा आन्तरिक लेखापरिक्षकलाई लेखाको जिम्मेवारी प्रदानले आर्थिक वर्ष २०८०।८१ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **बेरुजु लगतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **पेश्कीः** (३४/२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले बुकेनी धापागाउँ न्यूखोला उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.९७८०००।- बाँकी रहेको देखिन्छ । बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ९,७८,००० |

२१ **आय अनुमान तथा असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५३,८०,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६४,००,९८३/४८ अर्थात अनुमान भन्दा ११८.९७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ३,००,०००.०० | ७,८३,८०९.०० | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५,००,०००.०० | ३४,९६४.०० | |
| ३ | ११३१७ | वहाल कर | २,००,०००.०० | ९,४०,२५१.०५ | |
| ४ | ११३१८ | वहाल विटौरी कर | २,००,०००.०० | १,४८,४९५.०० | |
| ५ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | ५१,४००.०० | |
| ६ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ४,०००.०० | |
| ७ | ११६९१ | अन्य कर | ५,००,०००.०० | ११,९७,६१२.४३ | |
| ८ | १४१९१ | पर्यटन शुल्क | ० | ८,०००.०० | |
| ९ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ५,०००.०० | |
| १० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ६,०००.०० | |
| ११ | १४२२४ | परीक्षा शुल्क | ३०,०००.०० | २०,०००.०० | |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,००,०००.०० | ३,३९,५००.०० | |
| १३ | १४२४२ | नक्सापास दस्तुर | ० | ७०,७७७.०० | |
| १४ | १४२४३ | सिफारिश दस्तुर | १५,००,०००.०० | १५,६६,८९५.०० | |
| १५ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | ४,३१,३००.०० | |
| १६ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३,००,०००.०० | १,५६,५००.०० | |
| १७ | १४२४९ | अन्य दस्तुर | ५,००,०००.०० | २,४८०.०० | |
| १८ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,००,०००.०० | २,०२,३००.०० | |
| १९ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | २१,२००.०० | |
| २० | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २,००,०००.०० | २,४४,५००.०० | |
| २१ | १४५२९ | अन्य राजस्व | ० | ३,०००.०० | |
| २२ | १४६११ | व्यवसाय कर | १,५०,०००.०० | ५३,०००.०० | |
| २३ | १५१११ | बेरूजू | ० | ७५,०००.०० | |
| २४ | ३३३४२ | मनोरञ्जन कर | ० | ३०,०००.०० | |
| २५ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ० | ५,०००.०० | |
| जम्मा | | | ५३,८०,०००.०० | ६४,००,९८३.४८ | ११८.९७ |

सैद्धान्तिक बेरुजु

२२ **मध्यमकालिन खर्च संरचनाः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानिय तहको मध्यमकालिन खर्च संरचना तर्जुमा दिगदर्शन, २०७८ तयारगरी मिति २०७८ जेठ २४ मा सबै स्थानिय तहलाई पत्राचार गरेको छ । उक्त दिगदर्शनमा मध्यमकालिन खर्च संरचना तयार गर्ने सम्बन्धि

संस्थागत व्यवस्था, समिति तथा समितिको काम कर्तव्य, समय सिमा तथा अनुसुचिहरु लगायतका विषय समावेश भएकोमा कार्यालयले ह्याप्पी स्प्रिंग एडभाइजर्स प्रा.लि., बेनी मार्फत मध्यमकालिन खर्च संरचना तयार गराई रु.४९७२००/- भुक्तानी दिएको देखियो । बार्षिक रुपमा तयार गर्नुपर्ने तथा तयार गर्ने सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा उल्लेख भएको साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगदर्शन तयार गरी पठाएकोमा परामर्श दाता मार्फत कार्य गराई भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९७,२०० |

२३ **अनुगमन प्रतिवेदन**

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ को उपदफा ३ मा प्रत्येक स्थानीय तहमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न उद्यम विकास समितिको मातहतमा अनुगमन उपसमिति रहने र उपदफा ५(छ) मा अनुसुची १६ बमोजिमको अनुगमन फारम भर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति २४७।०८१।३।१६ मा लघुउद्यमतर्फ अनुगमन भत्ताबापत रु.१९५०० भुक्तानी गरेको देखियो । पालिकाले लघुउद्यम निर्देशिकामा व्यवस्था भएबमोजिम अनुगमन उपसमिति गठन नगरीकनै गाउंपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्यलाई अनुगमनबापत अनुगमन भत्ता भुक्तानी गरेको देखियो । साथै अनुगमनकर्ताले निर्देशिकाको अनुसुची १६ बमोजिम अनुगमन फारम समेत भरेको देखिएन । पालिकाले निर्देशिकाबमोजिम अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी कार्यक्रमका मुख्य क्रियाकलापहरु, सहायक क्रियाकलापहरु, सूचक/पुष्टयाईका आधारहरु र प्रगति अवस्थासमेत खुल्ने गरी अनुगमन फारम प्राप्त भएपछि मात्रै खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **लघु उद्यमीको स्तरोन्नति**

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३५ को उपदफा १ मा सहजकर्ताले हाल संचालनमा नरहेको उद्यम तर पुनस्थापना गर्न चाहने तथा उद्यमको स्तरोन्नतिका लागि आवश्यक पर्न सक्ने सहयोगका क्षेत्रको स्थलगत रुपमा अध्ययन गरी आवश्यक पहिचान तथा विश्लेषण गरी स्तरोन्नतिका लागि प्राथमिकता सहितको प्रतिवेदन तयार गर्नुपर्ने र उपदफा ३ मा प्रतिवेदन तयार गर्दा सहजकर्ताले उद्यमको परिमार्जित व्यवसायिक योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति २४७।२०८१।३।१६ मा उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम शीर्षकबाट रु.१८०१४० खर्च लेखी लघु उद्यम स्तरोन्नति कार्यक्रम संचालन गरेको देखियो । पालिकाले सो कार्यक्रम संचालन गर्दा निर्देशिका बमोजिम स्तरोन्नतिका लागि उद्यमको परिमार्जित व्यवसायिक योजनासहितको प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले निर्देशिकाको पालना गर्दै उद्यमीको परिमार्जित व्यवसायिक योजना तयार गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **पोषण कार्यक्रम संचालन कार्ययोजना पेश नभएको**

आर्थिक वर्ष २०८०।८१ मा स्थानीय तहहरुबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलाप संचालन सम्बन्धि मार्गदर्शनको पोषण कार्यक्रम अन्तरगत पालिकास्तरीय कार्यक्रमको समीक्षा तथा कार्ययोजना तयारीमा आर्थिक वर्ष २०७९।८० को पोषण कार्यक्रमको समीक्षा गर्नुपर्ने र चालु आ.व. २०८०।८१ को पोषण कार्यक्रम संचालन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सर्शत चालु गो.भौ.नं।मिति ३०।०८०।७।२४ मा मिति २०८०।७।१४ र ७।१५ मा समीक्षा कार्यक्रम सम्पन्न गरी रु.३५००० खर्च लेखेकोमा चालु आ.व. २०८०।८१ को पोषण कार्यक्रम संचालन कार्ययोजना तयार गरेको पाइएन । पालिकाले संघीय स्वास्थ्यसम्बन्धी मार्गदर्शनमा व्यवस्था भएबमोजिम कार्यक्रम संचालन कार्ययोजना तयार पेशभएपछि मात्रै खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **भ्रमण प्रतिवेदन पेश नभएको**

प्रदेश भ्रमण खर्च नियमावली, २०७७ गण्डकी प्रदेशको नियम १५(१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बिलभरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न गो.भौ.नं।मितिमार्फत कर्मचारीहरुलाई भ्रमण भत्ता भुक्तानी गरी खर्च लेखेकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । पालिकाले भ्रमण खर्च नियमावली बमोजिम भ्रमणको उद्धेश्य, उपलब्धि आदि सहितको भ्रमण प्रतिवेदन पेश भएपछि मात्रै खर्च लेख्नुपर्दछ ।केही उदाहरणहरु

| गो.भौ.नं। मिति | कार्यक्रम | नाम पद | भ्रमण आदेश नं। मिति | भ्रमण गर्ने स्थान | भ्रमण उद्धेश्य | भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १२। ०८१।१। २५ | स्वास्थ्य दिवसीय कार्यक्रम, स्वास्थ्यकर्मी प्रोत्साहन तथा भ्रमण अनुगमन कार्यक्रम | भविसरा रोका | ३४१। ०८१।१।९ | पोखरा | स्वास्थ्य चौकी कामकाज | ७२०० |
| | | यज्ञ कु. घर्ती | ३४३। ०८१।१।९ | पोखरा | स्वास्थ्य चौकी कामकाज | ५९०० |
| | | जानकी जिसी | ३४२। ०८१।१।९ | पोखरा | स्वास्थ्य चौकी कामकाज | ५९०० |
| | | इन्दिरा केसी | २६६। ०८०।१२। १ | पोखरा | कार्यालय कामकाज | ६३०० |
| | | बालकृष्ण शर्मा | २७३।८०। १२।२ | बुटवल | इम्पलान्ट सम्बन्धी तालिम अनुगमन | ८६०० |
| ४।०८०। ६।१६ | पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा कार्यक्रम | गणेश सुवेदी | ३८।०८०। ५।१७ | जिल्ला स्वास्थ्य कार्यालय देखि मंगला गाउँपालिका | वार्षिक समिक्षामा सहजीकरण | ४६०० |
| ७। ००८०। १०।१० | स्वास्थ्य दिवसीय कार्यक्रम | विरेन्द्र कु. चौधरी | ५५। ०८०।।६। १३ | जिल्ला स्वास्थ्य कार्यालय देखि मंगला गाउँपालिका | करार परीक्षा संचालन | ३६०० |

सैद्धान्तिक बेरुजु

२७ **कार्यक्रम कार्यान्वयनको अवस्था**

राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड ,२०७७ को दफा ६ र दफा २० मा स्थानीय तहबाट विधिवत रुपमा छनौट भएका संस्थाको प्रस्तावअनुसार जीविकोपार्जन व्यवसाय संचालन गर्न छनौट भएका २५ जना विपन्न महिला, एकल महिला, अपाङ्गता भएका महिला, कोभिड-१९ प्रभावित महिला, हिंसापीडित महिलाहरुलाई टेवा पुजी वा बीउ पुजीबापत प्रति महिला रु.२६००० उपलब्ध गराउने व्यवस्था छ । साथै सो मापदण्डको दफा १७ मा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति १।०८१।३।२ मार्फत गाउपालिका भित्रका विपन्न महिला,एकल महिला, अपाङ्गता भएका महिलाहरुलाई सीप विकास तथा आर्थिक स्थितिमा सुधार कार्यक्रममा स्थानीयतहबाट विधिवत रुपमा छनोट भएको संस्था मिलन,म्याग्दीमार्फत २५ जना महिलाहरुले पेश गरेको व्यवसायिक योजनालाई आधार मानि रु.२६००० का दरले कुल रु.६५००००।०० टेवा पुजी वा बीउ पुजी उपलब्ध गराई खर्च लेखेको देखियो । पालिकाले लेखापरीक्षण अवधिसम्म पनि सो कार्यक्रमले विपन्न महिलाहरुको जीवनस्तरमा बढोत्तरी तथा उद्यमशीलता विकासको माध्यमबाट आर्थिक सशक्तिकरण गरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । तसर्थ पालिकाले सो कार्यक्रमले विपन्न महिलाहरुको जीवनस्तरमा बढोत्तरी तथा उद्यमशीलता विकासको माध्यमबाट आर्थिक सशक्तिकरण गरेको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

२८ **सेनेटरी प्याड वितरण**

स्थानीय तथा प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुका लागि नि:शुल्क सेनिटरी प्याड व्यवस्थामा वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ५ को उपदफा १ र २ मा विद्यालयले छात्रा संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले IEMIS तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउन सकिने र दफा ६(४)मा छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा १६वटा सम्म सेनिटरी प्याड उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति १८८।२०८१।२।३२ मार्फत चेरिस ट्रेड कन्सर्न प्रा.लि.संग प्रति प्याकेट रु.८८(मूल्य अभिवृद्धि कर समेत) का दरले ९०९० प्याकेट (प्रति प्याकेट ८ पिस) खरिद गरी रु.७९९८५७ खर्च लेखेको देखियो । पालिकाले सो सेनिटरी प्याडहरु विभिन्न ११ वटा विद्यालयहरुलाई भरपाईमार्फत हस्तान्तरण गरेको देखियो । पालिकाले उक्त विद्यालयहरुमा IEMIS मा रहेको छात्राहरुको संख्यालाई आधार मानि १० महिनाका लागि प्रति छात्रा प्रति महिना १६ पिसका दरले सेनिटरी प्याड वितरण गर्नुपर्नेमा सो परिमाण भन्दा बढी हुनेगरी वितरण गरेको पाइयो । साथै विद्यालयहरुले छात्रा संख्याहरुको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गरि पठाएको पाइएन । पालिकाले विद्यालयको माग विवरण पेश नभएको आधारमा समेत कार्यविधि विपरित छात्रासंख्या भन्दा बढी परिमाणमा विद्यालयहरुलाई सेनिटरी प्याड उपलब्ध गराएको कानूनसम्मत देखिएन । जसका उदाहरणहरु निम्नानुसार छ ।

| विद्यालयको नाम | कक्षा ६-१२ माछात्रा संख्या | अधिकतम सेनेटरीप्याड प्रति छात्रा प्रति महिना | अवधि महिना | कुल सेनेटरी प्याडप्रति विद्यालय | विद्यालयले कुलबुझेको पिस | विद्यालयले नम्सभन्दा बढी बुझेको पिस | बुझेको मिति |
|---|---|---|---|---|---|---|---|
| विष्णुराष्ट्रिय आवि | ११ | १६ | १० | १७६० | ११५२ | ० | २०८१।११११ |
| शारदा मा.वि. | ५६ | १६ | १० | ८९६० | ११५२० | २५६० | २०८१।५।२ |
| शिशुकल्याणमा.वि. | ५३ | १६ | १० | ८४८० | ८६४० | १६० | २०८१।५।६ |
| जानकी आ.वि. | ० | १६ | १० | ० | २८८० | २८८० | २०८१।३।१४ |
| महेन्द्ररत्नमा.वि. | १२३ | १६ | १० | १९६८० | ८६४० | ० | २०८१।४।३१ |
| महेन्द्ररत्नआ.वि. | २३ | १६ | १० | ३६८० | ५७६० | २०८० | २०८१।३।७ |
| जनप्रिय आ.वि. | ८ | १६ | १० | १२८० | ६३३६ | ५०५६ | २०८१।२।६ |
| पुण्यजन आ.वि. | ० | १६ | १० | ० | २८८० | २८८० | २०८१।३।१२ |
| पखेर आ.वि. | ० | १६ | १० | ० | ५७६० | ५७६० | २०८१।२।२ |
| सिद्ध शान्तिमा.वि. | २५ | १६ | १० | ४००० | १७२८ | ० | २०८१।११११ |
| दिपशिखामा.वि. | ८२ | १६ | १० | १३१२० | १७२८० | ४१६० | २०८१।२।१३ |

तसर्थ पालिकाले कार्यविधिमा व्यवस्था भएबमोजिम विद्यालयहरुले IEMIS तथ्याङ्कका आधारमा छात्रासंख्या बमोजिम स्थानीय तहमा माग गर्ने र स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९ **सेनिटरी प्याड जिन्सी दाखिला नभएको**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ६ को उपदफा १ मा विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति १८८।२०८१।२।३२ मार्फत चेरिस ट्रेड कन्सर्न प्रा.लि.संग प्रति प्याकेट रु.८८(मूल्य अभिवृद्धि कर समेत) का दरले ९०९० प्याकेट (प्रति प्याकेट ८ पिस) खरिद गरी रु.७९९८५७ खर्च लेखेको देखियो । पालिकाले सो सेनिटरी प्याडहरु विभिन्न ११ वटा विद्यालयहरुलाई भरपाईमार्फत हस्तान्तरण गरेकोमा कतिपय विद्यालयहरुले सो सेनिटरी प्याडहरु कार्यविधिबमोजिम जिन्सी खातामा अभिलेख राखेको देखिएन । सो सेनिटरी प्याडहरु जिन्सी खातामा दाखिला नभएका कारण तथा सेनिटरी प्याडको गत वर्षको मौज्दात, यसवर्षको खर्च स्थिति र बाकी मौज्दात सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ पालिकाले कार्यविधिबमोजिम सेनिटरी प्याडको जिन्सी दाखिला अभिलेख नबुझाएका

निम्नानुसारका विद्यालयहरुबाट रु.१३३०५६ मूल्य बराबरको १२०९६ पिस सेनिटरी प्याडको जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने

| विद्यालयको नाम | कुल सेनेटरी प्याडप्रति विद्यालय | विद्यालयले कुलबुझेको पिस | बुझेको मिति | दर रु.( प्रति पिस रु.११ ) | जम्मा |
|---|---|---|---|---|---|
| जनप्रिय आ.वि. | १२८० | ६३३६ | २०८१।२।६ | ११ | ६९६९६ |
| पखेर आ.वि. | ० | ५७६० | २०८१।२।२ | ११ | ६३३६० |
| | जम्मा | १२०९६ | | | १३३०५६ |

| प्रमाण पेश नगरेको | १,३३,०५६ |
|---|---|

३० **फलफूल प्रबद्धन कार्यक्रम**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को पेज नं १५ मा कार्यक्रम नं १९ को बुदा ७ (क)मा व्यवसायिक फलफुल खेती विस्तारका लागि पहाडमा कम्तीमा २ रोपनी क्षेत्रफलमा बगैचा स्थापना गर्ने कृषकहरुलाई अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति १४६।२०८१।२।२१ , १४८, १४९,१५०,१५१, १५२,१५३,१५४।२०८१।२।२२ र २४९।०८१।३।१६ मार्फत फलफुल प्रबद्धन कार्यक्रममा ९ जना कृषकहरुलाई थाक्रा निर्माण कार्यका लागि ५०% साझेदारीमा अनुदान दिई रु.९५०००० खर्च लेखेको देखियो । पालिकाले सो कार्यक्रममा सूचना जारी गर्दा समेत कम्तीमा २ रोपनी जग्गा भएको हुनुपर्ने खुलाएको पाइयो । तर पालिकाले पेश गरेको कागजातअनुसार कुल १८ वटा आवेदन परेकोमा आवेदक कृषकहरुले आवेदनमा कम्तीमा २ रोपनी जग्गा भए वा नभएको सम्बन्धमा खुल्ने कुनै कागजात पेश भएको देखिएन । पालिकाले आवेदक कृषकहरुको फिल्ड अवलोकन गरिएको र निजहरुको कम्तीमा २ रोपनी जग्गा फलफुल बगैचा रहेको कुरा जनाएको भएतापनि फिल्ड अवलोकन गरिएको प्रतिवेदन संलग्न गरेको देखिएन । पालिकाले संघीय कार्यविधिको पालना गर्दै पर्याप्त प्रमाणहरु संलग्न गरी खर्च लेख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **उपाध्यक्षसँग महिला कार्यक्रमः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष उपाध्यक्षसँग महिला कार्यक्रममा रु.५,००,०००/- बजेट विनियोजनगरी रु.२,०४,०००/- खर्च गरेको देखियो । यस कार्यक्रम अन्तर्गत पालिकाको स्वास्थ्य संस्थामा प्रथम पटक गर्भजाँचको लागि आउने गर्भवति महिलालाई एक क्यारेट कुखुराको अण्डा दिने र प्रोटोकल अनुसार नियमित रुपमा ८ औं पटक गर्भ जाँचको लागि आउने गर्भवति महिलालाई पुनः एक क्यारेट अण्डा उपलब्ध गराउनुकासाथै पालिकाको स्वास्थ्य संस्थामा प्रसुति सेवा लिन आउने महिलालाई एक वटा कुखुराको भाले दिने कार्यक्रममा खर्च गरेको देखियो । यसका साथै वडा नं. ५ अन्तर्गत स्वास्थ्य कार्यक्रम बाट स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई रु.३०००/- हजारका दरले ७ जना महिलालाई जम्मा रु.२१,०००/- थप यातायात खर्च भुक्तानी दिएको देखियो । नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम अन्तर्गत नियमित गर्भ जाँच वापत भताको साथै निशुल्क सुत्केरि सेवा र यातायात खर्च भुक्तानी दिइएकोमा पुनः सोही कार्यकोलागि पालिकाले कार्यक्रम स्वीकृतगरी भुक्तानी खर्च गरेको सम्बन्धमा कार्यालयले कानुन तथा कार्यविधि निर्माण गरेको छैन । कार्यविधि नहुँदा कार्यक्रमको उद्धेश्य पुरागर्न संचालन गर्नुपर्ने कृयाकलापका साथै सो संचालन सम्बन्धि विधि प्रकृयाको यकिन गर्न सकिएन । स्वास्थ्य संस्थामा प्रसुति सेवालिन आउन थप प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरेको कार्यालयको भनाई रहेकोमा यस कार्यक्रम संचालन पश्चात पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा सुत्केरी सेवालिनेको संख्यामा भएको उपलब्धिको विषयमा तुलनात्मक अध्ययन तथा विश्लेषण समेत गरेको देखिएन । कार्यक्रम संचालन सम्बन्धि कार्यविधि/ मार्गदर्शन तयार गरी कार्यक्रम संचालन पश्चातको उपलब्धिको मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **मंगला शिक्षा क्याम्पस संचालन अनुदानः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानिय तहको अधिकार हुने उल्लेख छ । साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । पालिकाले यस वर्ष मंगला शिक्षा क्याम्पस संचालन अनुदान वापत रु.१२,००,०००/- भुक्तानी दिएको देखियो । उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिनेअनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन । सवैंधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानिय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले आवश्यक कानुन निर्माणगरी सोको आधारमामात्र अनुदान दिनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **अनुदानको अनुगमनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष शिक्षा, कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कनगरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन । वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| भौ.नं./ मिति | अनुदान विवरण | रकम |
|---|---|---|
| ३५१-०८१/१/३० | वडा नं. ५ का ५ विद्यालयहरुलाई स्मार्ट बोर्ड वितरण | ९,००,०००/- |
| ३१६-०८१/१/१० | १५ जना किसानहरुलाई ५० प्रतिशत अनुदानमा च्यापकटर वितरण | २,८८,२००/- |
| ३७६,३७९, ४२२, ४८२,५२२ | ५ वटै वडामा १/१ नमुना बाख्रा खोर ५० अनुदानमा निर्माण | ९,१८,१८८/- |
| ५७०-०८१/३/१९ | वडा नं.४ का कृषकहरुलाई ४ जना कृषकलाई २/२ वटा उन्नतजातको बंगुरको पाठि वितरण | ५५,०००/- |
| २८३-०८०/१२/२२ | १ कृषक र १ कृषक समुहलाई १/१ वटा उन्नतजातको राँगा वितरण | १,००,०००/- |
| ९६-०८१/१/१२ | ७४ कृषकलाई मिनिटिलर, होममिल र थ्रेसर ५० प्रतिशत अनुदानमा वितरण | १३,४८,५००/- |
| २८९-०८१/३/२१ | ५० प्रतिशत अनुदानमा १ कृषि समुहलाई दुध संकलन केन्द्र व्यवस्थापन सामाग्रि वितरण | २,५०,०००/- |

सैद्धान्तिक बेरुजु

३४ **पाठ्यपुस्तक अनुदानः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ को उपक्रियाकलाप ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान निकासा गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा कक्षागत र विषयगत पाठयपुस्तकको संख्या यकिन गर्ने र विद्यालयलाई पाठ्यपुस्तक वितरणका लागि कक्षा १ देखि १०का लागि आर्थिक वर्षको तेस्रो त्रैमासिक भित्र पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नँया भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान निकासा दिनुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं.९५-२०८०।१२।२१ मा शैक्षिक सत्र २०८० को IEMIS तथ्याङ्कलाई आधार मानेर कुल ४० विद्यालयलाई पाठ्यपुस्तक अनुदानतर्फ पहिलो किस्ताबापत रु.१२,६६,२८७/- निकासा गरेको देखियो । त्यस्तै गरी

पालिकाले गो.भौ.नं।मिति २०२।२०८१।३।०९ मार्फत विद्यालयहरुले पेश गरेको पाठ्यपुस्तक खरिदको बिलभरपाई र विद्यार्थीलाई बुझाएको भरपाईलाई आधार मानेर दोस्रो किस्ताबापत रु.३१७६८१ निकासा दिएकोमा शैक्षिक सत्र २०८१ को नया भर्ना विवरण मा IEMIS को तथ्याङ्क भन्दा बढी संख्यामा विद्यार्थीहरुलाई पाठ्यपुस्तक अनुदान निकासा गरेको देखियो । पालिकाले विद्यालयहरुले पेश गरेको पाठ्यपुस्तक खरिदको बिल रकम तथा विद्यार्थीले बुझेको भरपाईका आधारमा रकम निकासा गरिएको र शैक्षिक वर्ष २०८१ मा नया IEMIS अपडेट भएको र नया अपडेटेड भर्जनमा विद्यार्थी संख्या फरक परेको जनाएको छ । पालिकाले IEMIS तथ्याङ्कलाई अद्यावधिक गर्नुका साथै पाठ्यपुस्तक खरिद गरि वितरण गरेको विद्यार्थी संख्यालाई सत्यापन गराई सत्यापित विवरणका आधारमा पाठ्यपुस्तकतर्फको खर्च लेख्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३५ **सामाजिक सुरक्षा तर्फः**

३५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले गरिमा विकास बैंक र प्रभु बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाबाट तयार गरेको फरवार्ड/रिभर्स फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, दलित बालबालिका बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| लक्षित समुह | कायम संख्या | रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम |
|---|---|---|---|---|
| दलित बालबालिका | ३३१ | २०२६६३० | ३३१ | २०२६६३० |
| पूर्ण अपाङ्गता भत्ता | ४४ | २०४६४५४ | ४४ | २०४६४५४ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २६० | ८१६४९२१ | २६० | ८१६४९२१ |
| अन्य जेष्ठ नागरिक भत्ता | १५३७ | ७३०१४५१३ | १५३७ | ७३०१४५१३ |
| जेष्ठ नागरिक एकल महिला | १३५ | ४२९५९०० | १३५ | ४२९५९०० |
| अति अशक्त अपाङ्गता भत्ता | २०९ | ५२७२१७८ | २०९ | ५२७२१७८ |
| विधवा | २५२ | ७९६४०४० | २५२ | ७९६४०४० |
| जम्मा | २७६७ | १०२७८४६३६ | २७६७ | १०२७८४६३६ |

सैद्धान्तिक बेरुजु

३५.२ कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

३६ **अन्य निकाय खर्चः**

पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका सघ/सस्था र कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.

| सि.नं. | कार्यालयको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | इन्धन | ५१०००/- |
| २ | नेपाल पत्रकार महासंघ, म्याग्दी | कार्यालय व्यवस्थापन | ५०,०००/- |
| ३ | नेपाल वजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन, म्याग्दी | कार्यालय व्यवस्थापन | ९६,०००/- |
| | | जम्मा | १,९७,०००/- |

| | |
|---|---|
| अनियमित भएको | १,९७,००० |

३७ **उपभोक्ता समितिः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्धेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले यो वर्ष उपभोक्ता समितिमार्फत निर्माणकार्य गराई रु.५,७५,३९,३०९/- भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन । कार्यालयले प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **स्थायी लेख नम्बरः**

सावजिनक खरद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता समित वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **उपभोक्ता समिति मार्फत निर्माण कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्धेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाइ सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्न निर्माण गर्न उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा निर्माण कार्यमा मानिसले जनश्रमदान गर्न मिल्ने आइटम समावेश नभएको र पुरै कार्य मेशिन द्वारा गरिने तथा उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको

देखिएकोले उपरोक्त कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुदैन । उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखि भुक्तानी दिएको नियमित नदेखिएको रु.

| सि. नं . | उपभोक्ता समितिको नाम | उ. स . ले निर्माण व्यवसायीलाई दिएको भुक्तानी रकम | उ. स . ले कार्यालयबाट भुक्तानी पाएको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरबाटो मर्मत तथा सरसफाई योजना उ. स . वडा नं . ४ | | २८८०००/- | मेशिन द्वारा बाटो सफा गर्ने कार्य । |
| २ | सडक सरसफाई खर्च उ. स . | ४९०५०१/ ८७ | ४७९४४७/- | मेशिन द्वारा बाटो सफा गर्ने कार्य । |
| ३ | कुँहुकोट युवाक्लब खेलमैदान निर्माण उ. स . | ९६००००/- | ९९७५४९/- | वि. ओ . क्यू . मा स्काभेटर द्वारा ढुङ्गा माटो काट्ने कार्य मात्र रहेको । |
| ४ | शारदा मा. वि . भवन तला थप उ . स . | | १२४७९९९/- | वि. ओ . क्यू . मा पी . सी . सी ., स्टील रड , फर्मा र पाइप सम्बन्धी कार्य मात्र रहेको । |
| | | जम्मा | ३०, १२ , ९९५ /- | |

| अनियमित भएको | ३०,१२,९९५ |
|---|---|

४० **लागत सहभागिताः**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **बढी भुक्तानीः**

रणवाङ दरुङ हिदि सडक स्तरोन्नती उपभोक्ता समितिसँग बाटो स्तरोन्नती कार्यकोलागि भएको सम्झौतामा उपभोक्ता समितिले कुल निर्माण लागतको १० प्रतिशत श्रमदान गर्ने उल्लेख छ । उपभोक्ता समितिले पेश गरेको निर्माण कार्यको उपभोक्ता समबन्धि विलमा कुल रु.२३,३३,८३६/६१ को कार्य भएको उल्लेख छ । सम्झौता अनुसार १० प्रतिशतले हुने रकम रु.२,३३,३८३/३६ कट्टागरेर रु.२१,००,४५२/९५ भुक्तानी दिनुपर्नेमा रु.२१,१०,९५५/- भुक्तानी दिई रु.१०,५०२/- बढी भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १०,५०२ |
|---|---|

४२ **विद्युतिय (इन्डक्सन) चुलो वितरणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई संलग्न गर्नुपर्ने उल्लेख छ ।तथा मंगला गाँउपालिकाको नविकरणीय उर्जा, प्रविधि जडान (बायोग्याँस, विद्युत्तिय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) वितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ८ मा वितरित सामाग्रिको गाँउपालिका स्तरीय र वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस आर्थिक वर्षमा नवीकरणीय उर्जा प्रविधि जडान शिर्षकमा संघिय सशर्त शिर्षकमा प्राप्त रकमबाट पालिका भित्रका वृद्ध, एकल महिला, विद्युवा महिला, आर्थिक रुपले विपन्न परिवार, दलित, असहाय महिला तथा अपाङ्गता भएका घर परिवारलाई निशुल्क वितरण गर्न २०० थान विद्युत्तिय चुलो (इन्डक्सन) प्रति थान रु.३,९७२/- खरिद गरि सनफोर्स सोलार एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि.लाई मिति २०८१/३/१९ मा रु.७,९४,३९०/- भुक्तानी दिएकोमा १३७ थान मात्र वितरण गरेको देखियो ।साथै उपरोक्त कार्यविधिको व्यवस्था बमोजिम वितरित सामाग्रिको उपयोगको विषयमा वडा तथा

पालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भएको देखिएन । वितरण गर्न बाँकि रहेका रु.२,५०,२३६/- मुल्यको ६३ थान चुल वितरण गरेको र वितरित चुलोको उपयोग सम्बन्धमा वडा तथा पालिका स्तरीय अनुगमन समितिले अनुगमन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,२३६ |

४३ **डि.पि.आर. तथा परामर्श खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सिन | कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| १ | DPR of Mangala Education campus girls hostel building | अगम डिजाइनर्स एण्ड सप्लायर्स प्रा.लि. | **८,४४,५२५**/- | ३,६७,००,०००/- |
| २ | DPR of Pipalbot Jhakripani Road | एस.के. ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | **४,९५,९७५**/- | **१२,९१,५९,४१९**/- |
| | | जम्मा | **१३,३९,५२५**/- | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **कर बिजकः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न निर्माण व्यवसायीलाई निर्माण सम्बन्धि विल भुक्तानी गर्दा सम्झौता बमोजिम प्रोभिजनल समको रकम भुक्तानी दिएकोमा प्रोभिजनल समको रकम निर्माण व्यवसायीले आफ्नो कर विजकमा समावेश गरेको नदेखिएकोले बिल भन्दा बढी भुक्तानी भएको देखियो । बढी भुक्तानी दिएको रकम सम्बन्धमा निर्माण व्यवसायीको कर विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| ठेक्का नं. | निर्माण व्यवसायीको नाम | IPC no. | भुक्तानी रकम | कर विजक रकम | घटी विजक रकम |
|---|---|---|---|---|---|
| ५- २०८० / ८१ | म्याग्दी रारा कन्स्ट्रक्सन प्रा. ली . | 1 | १०२९९६७४/- | १०१३४६७४/- | १६५०००/- |
| ३- २०७८ / ७९ | ग्रान्ड खाम्पाचे एस के जे. भी . | अन्तिम | २६६२२०८/- | २६३२२०८/- | ३००००/- |
| ७- २०८० / ८१ | मंगला कन्स्ट्रक्सन प्रा. ली . | 1 | २४०२७०६/- | २३६८२२६/- | ३४४८०/- |
| | | | | जम्मा | २२९४८०/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,४८० |

४५ **स्थलगत अनुगमनः**

लेखापरीक्षणको क्रममा मिति २०८१/०५/१४ गते कार्यालयका प्राविधक तथा अन्य कर्मचारी सहित आर्थिक वर्ष २०८०/८० मा सम्पन्न भएको सिम- कोत्रबाङ- टोड्के मोटरबाटो , मंगला शिक्षा क्याम्पसको छात्रावास भवन र मंगला माध्यमिक विद्यालयको भवन निर्माण

कार्यको स्थलगत अनुगमन गरिएको थियो । अनुगमनको क्रममा ठेक्का नं.१-२०८०/८० सिम- कोत्रबाङ- टोड्के मोटरबाटोको चेनेज ०+८५० देखि ०+९५० सम्म ८४ मीटर लम्बाई र २ मीटर चौडाइ पिचगरेको भाग धसेर चर्केको देखियो । मिति २०८०/९/२५ मा रु.१,७३,७८,५७९/- को लागतमा मिति २०८१/३/१० सम्पन्न गर्न निर्माण व्यवसायि कालिका/ दुर्गा लक्ष्मी जय दुप्चे जे.भी. सम्झौताभई तोकिएकै अवधिमा निर्माण कार्य सम्पन्न भएको र उक्ता निर्माण कार्यको त्रुटी सच्याउने अवधिबाँकि रहेकोले उक्त खण्डको निर्माणकार्य पुनः गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

४६ सम्परीक्षणः

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८१ सम्मको बाँकी बेरुजु रु.११,७०,३०४/- फर्स्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ । सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **मंगला गाउँपालिका, म्याग्दी** को २०८१ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ७८६१६००० | ११७०३०४ | ५३०८४६९ | ० | ८२७५४१६५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मंगला गाउँपालिका, म्याग्दी , मंगला गाउँपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव कुमार पौडेल | २०८०-१-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भविलाल उपाध्याय | २०७९-७-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,५०२ | ३,७०७,१९५ | ६१२,७७२ | ० | ० | ९७८,००० |
| | | | | **जम्मा बेरुजु रकम** | ५,३०८,४६९ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १२४,१५७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४३७९७३३५.८४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३११४६५१८५ | चालु खर्च | २५११५६४७६४ |
| प्रदेश सरकारबाट अनुदान | १५४१६६०८ | पूँजीगत खर्च | १२६७९४७८९ |
| राजश्व बाँडफाँट | ६८०८०६९८.४६ | वित्तीय/अन्य व्यवस्था | १२६७९७७६८ |
| आन्तरिक आय | ६२९०९८३.४८ | | |
| अन्य आय | ११३३५२३५९.४८ | | |
| कुल आय | ५१४६०५८३४.४२ | कुल खर्च | ५०५११५७३२१ |
| बाँकी मौज्दात | | ५३२४५८४९.२६ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका विषय |
|---|---|---|
| 1 | आन्तरिक आय आन्तरिक आयको प्राप्ति तथा दाखिला | आय अनुमान, प्राप्ति र दाखिला |
| 2 | विविध खर्च | विविध खर्च सम्बन्धि विवरण |
| 3 | सफ्टवेयर खर्च | सफ्टवेयर खरिद तथा सञ्चालन |
| 4 | उपभोक्ता समितिमार्फत खरिद खरिद कानूनको पालना नभएको हुन सक्ने | १० लाख भन्दा बढी भुक्तानी भएका उपभोक्ता सम्बन्धि फाइल |
| 5 | प्रशासनिक खर्च तलव भत्ता तथा प्रशासनिक खर्चमा कानूनको पालना नभएको हुन सक्ने | कर्मचारी तथा पदाधिकारिहरुको तलब भत्ता र कार्यालय सञ्चालन खर्च |
| 6 | कार्यक्रम खर्च: शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम खर्चमा कानुनको पालना नभएको हुन सक्ने | विषयगत शाखाबाट सञ्चालित तालिम, अनुदान वितरण प्रकृयाका साथै शिक्षा र स्वास्थ्य तर्फका सशर्त कार्यक्रमहरु |
| 7 | ठेक्का व्यवस्थापन वोलपत्र तथा शिलवन्दी दरभाउपत्र खरिद व्यवस्थापन कानूनको पालना नभएको हुन सक्ने | ठेक्का मार्फत गरेको खरिदको भुक्तानी प्रकृया |
| 8 | सामाजिक सुरक्षा: सामाजिक सुरक्षा भत्ता वितरणमा कानूनको पालना नभएको हुन सक्ने | सामाजिक सुरक्षा लाभग्राहि र वितरण विवरण |
| 9 | डि पिआर खर्च | DPR खर्च |

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,०३,४४,२६८.८९ | ० | ७,०३,४४,२६८.८९ | ६,८३,६९,३१६.१० | ० | ६,८३,६९,३१६.१० |
| १३००० | अनुदान | | ३१,११,२८,२२९.०० | ० | ३१,११,२८,२२९.०० | ३२,३४,३३,८८०.३० | ० | ३२,३४,३३,८८०.३० |
| १४००० | अन्य राजस्व | | ४०,२७,४१३.०५ | ० | ४०,२७,४१३.०५ | ६४,३८,५८४.०० | ० | ६४,३८,५८४.०० |
| १५००० | विविध प्राप्ति | | ७५,०००.०० | ० | ७५,०००.०० | ० | ० | ० |
| ३३३४२ | मनोरञ्जन कर | | ३०,०००.०० | ० | ३०,०००.०० | ० | ० | ० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | | ५,०००.०० | ० | ५,०००.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३८,५६,०९,९१०.९४ | | ३८,५६,०९,९१०.९४ | ३९,८२,४१,७८०.४० | | ३९,८२,४१,७८०.४० |
| ३ | चालु | | २५,१५,६४,७६४.०० | ० | २५,१५,६४,७६४.०० | २५,७९,९७,३४५.९० | ० | २५,७९,९७,३४५.९० |
| २१००० | पारिश्रमिक / सुविधा | | १८,५४,३१,१६४.०० | ० | १८,५४,३१,१६४.०० | १७,३२,७९,४४३.३० | ० | १७,३२,७९,४४३.३० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ५,४७,५७,२२३.०० | ० | ५,४७,५७,२२३.०० | ५,५१,०९,९३८.६० | ० | ५,५१,०९,९३८.६० |
| २५००० | सहायता (Subsidy) | | २६,६७,५७५.०० | ० | २६,६७,५७५.०० | १,८२,९९,२६६.०० | ० | १,८२,९९,२६६.०० |
| २७००० | सामाजिक सुरक्षा | | ६३,०९,९७८.०० | ० | ६३,०९,९७८.०० | ८४,७४,४५१.०० | ० | ८४,७४,४५१.०० |
| २८००० | अन्य खर्च | | २३,९८,८२४.०० | ० | २३,९८,८२४.०० | २८,३४,२४७.०० | ० | २८,३४,२४७.०० |
| ४ | पूंजीगत | | १२,६७,९४,७८९.०० | ० | १२,६७,९४,७८९.०० | १२,२४,३८,८५०.०० | ० | १२,२४,३८,८५०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१११० | भवन तथा संरचना | | ६५,१७,०४२.०० | ० | ६५,१७,०४२.०० | ७४,९८,३५३.०० | ० | ७४,९८,३५३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३३,०१,६७४.०० | ० | ३३,०१,६७४.०० | ३७,६०,७७०.०० | ० | ३७,६०,७७०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | २७,६५,३८७.०० | ० | २७,६५,३८७.०० | ४,९७,२००.०० | ० | ४,९७,२००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ११,३४,३७,६१३.०० | ० | ११,३४,३७,६१३.०० | ११,००,६३,१५८.०० | ० | ११,००,६३,१५८.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ७,७३,०७३.०० | ० | ७,७३,०७३.०० | ६,१९,३६९.०० | ० | ६,१९,३६९.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३७,८३,५९,५५३.०० | | ३७,८३,५९,५५३.०० | ३८,०४,३६,१९५.९० | | ३८,०४,३६,१९५.९० |
| ग) | बचत /कमी (ग = क-ख ) | | ७२,५०,३५७.९४ | | ७२,५०,३५७.९४ | १,७८,०५,५८४.५० | | १,७८,०५,५८४.५० |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | २३,८६,३८४.४८ | | २३,८६,३८४.४८ | १,०९,३५२.०९ | | १,०९,३५२.०९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ९६,३६,७४२.४२ | | ९६,३६,७४२.४२ | १,७९,१४,९३६.५९ | | १,७९,१४,९३६.५९ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,३७,९७,३३५.८४ | | ४,३७,९७,३३५.८४ | २,५८,८२,३९९.२५ | | २,५८,८२,३९९.२५ |
| छ) | विनिमय नाफा/ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,३४,३४,०७८.२६ | | ५,३४,३४,०७८.२६ | ४,३७,९७,३३५.८४ | | ४,३७,९७,३३५.८४ |

## बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| विद्यालय | कक्षा | IEMIs विस | मूल्य | निकासा हुनुपर्नेकक्षा १-१२ अनिवार्य विषय | कक्षा ९ देखि १२को ऐच्छिक विषयको रकम | कुल निकासाहुनुपर्ने | कुल निकासा भएको | बढी निकासा | विद्यालयभरपाईजना | बिल रकम रु. | IEMIs भन्दा बढीविद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| किसानी आधारभूत विद्यालय | १ | १० | ५२०.८ | ५२०८ | ० | ६८९४९ | ७४३२३ | ५३७३ | ११ | ५७२८.८ | १ |
| | २ | ८ | ५५६.८० | ४४५४.४ | | | | | ११ | ६१२४.८ | ३ |
| | ३ | १३ | ५८०.८० | ७५५०.४ | | | | | १३ | ७५५०.४ | ० |
| | ४ | १२ | ५९६.२० | ७१५४.४ | | | | | १५ | ८९४३ | ३ |
| | ५ | १६ | ६३३.६० | १०१३७.६ | | | | | १७ | १०७७१.२ | १ |
| | ६ | १७ | ७०७.३० | १२०२४.१ | | | | | १७ | १२०२४.१ | ० |
| | ७ | १७ | ७४८.०० | १२७१६ | | | | | १८ | १३४६४ | १ |
| | ८ | ११ | ८८२.२० | ९७०४.२ | | | | | ११ | ९७०४.२ | ० |
| | ९ | ० | ७७०.०० | ० | | | | | ० | ० | ० |
| | १० | ० | ९२४.०० | ० | | | | | ० | ० | ० |
| | | | जम्मा | ६८९४९.१ | ० | ६८९४९ | ७४३२३ | ५३७३.९ | | ७४३१०.५ | |
| महेन्द्ररत्न मा.वि | १ | ६ | ५२०.८ | ३१२४.८ | २२००१ | १६९५७२.६ | १८२८६९ | १३२९६.४ | ६ | ३१२४.८ | ० |
| | २ | ७ | ५५६.८० | ३८९७.६ | | | | | ७ | ३८९७.६ | ० |
| | ३ | ६ | ५८०.८० | ३४८४.८ | | | | | ५ | २९०४ | -१ |
| | ४ | ५ | ५९६.२० | २९८१ | | | | | ७ | ४१७३.४ | २ |
| | ५ | ११ | ६३३.६० | ६९६९.६ | | | | | ११ | ६९६९.६ | ० |
| | ६ | १० | ७०७.३० | ७०७३ | | | | | १५ | १०६०९.५ | ५ |
| | ७ | २१ | ७४८.०० | १५७०८ | | | | | २२ | १६४५६ | १ |
| | ८ | २४ | ८८२.२० | २११७२.८ | | | | | २० | १७६४४ | -४ |
| | ९ | ४२ | ७७०.०० | ३२३४० | | | | | ४६ | ३५४२० | ४ |
| | १० | ५५ | ९२४.०० | ५०८२० | | | | | ४९ | ४५२७६ | -६ |
| | ११ | ० | २६९.२८ | ० | | | | | ० | २२००१ | ० |



https://nams.oag.gov.np

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२ | ० | ३१६.०८ | ० | | | | | ० | ० | ० |
| | | | जम्मा | १४७५७१.६ | २२००१ | १६९५७२.६ | १८२८६९ | १३२९६ | | १६८४७५.९ | |
| जनप्रिय आधारभूत विद्यालय खर्क | १ | ६ | ५२०.८ | ३१२४.८ | ० | ३१२४.८ | ३२५९८ | ३९२७ | ७ | ३६४५.६ | १ |
| | २ | ८ | ५५६.८० | ४४५४.४ | ० | ४४५४.४ | | | ८ | ४४५४.४ | ० |
| | ३ | ६ | ५८०.८० | ३४८४.८ | ० | ३४८४.८ | | | ७ | ४०६५.६ | १ |
| | ४ | ७ | ५९६.२० | ४१७३.४ | ० | ४१७३.४ | | | ८ | ४७६९.६ | १ |
| | ५ | ४ | ६३३.६० | २५३४.४ | ० | २५३४.४ | | | ५ | ३१६८ | १ |
| | ६ | ६ | ७०७.३० | ४२४३.८ | ० | ४२४३.८ | | | ७ | ४९५१.१ | १ |
| | ७ | ३ | ७४८.०० | २२४४ | ० | २२४४ | | | ३ | २२४४ | ० |
| | ८ | ५ | ८८२.२० | ४४११ | ० | ४४११ | | | ६ | ५२९३.२ | १ |
| | ९ | ० | ७७०.०० | ० | ० | ० | | | ० | ० | ० |
| | १० | ० | ९२४.०० | ० | ० | ० | | | ० | ० | ० |
| | ११ | ० | २६९.२८ | ० | ० | ० | | | ० | ० | ० |
| | १२ | ० | ३१६.०८ | ० | ० | ० | | | ० | ० | ० |
| | | | | २८६७०.६ | ० | २८६७०.६ | ३२५९८ | ३९२७.४ | | ३२५९१.५ | |
| नरसिंह आधारभूत विद्यालय | १ | ८ | ५२०.८ | ४१६६.४ | ० | ४१६६.४ | २६४४४ | २७४४ | ८ | ४१६६.४ | ० |
| | २ | ९ | ५५६.८० | ५०११.२ | ० | ५०११.२ | | | ९ | ५०११.२ | ० |
| | ३ | ८ | ५८०.८० | ४६४६.४ | ० | ४६४६.४ | | | ८ | ४६४६.४ | ० |
| | ४ | ७ | ५९६.२० | ४१७३.४ | ० | ४१७३.४ | | | ८ | ४७६९.६ | १ |
| | ५ | ९ | ६३३.६० | ५७०२.४ | ० | ५७०२.४ | | | १० | ६३३६ | १ |
| | | | जम्मा | २३६९९.८ | ० | २३६९९.८ | २६४४४ | २७४४.२ | | २४९२९.६ | |
| शिद्धशान्ति माध्यमिक विद्यालय | १ | ७ | ५२०.८ | ३६४५.६ | ० | ३६४५.६ | ६६८४१ | ४२४६ | - | - | - |
| | २ | ६ | ५५६.८० | ३३४०.८ | ० | ३३४०.८ | | | - | - | - |
| | ३ | ५ | ५८०.८० | २९०४ | ० | २९०४ | | | - | - | - |
| | ४ | ८ | ५९६.२० | ४७६९.६ | ० | ४७६९.६ | | | - | - | - |
| | ५ | ७ | ६३३.६० | ४४३५.२ | ० | ४४३५.२ | | | - | - | - |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ६ | १२ | ७०७.३० | ८४८७.६ | ० | ८४८७.६ | | | - | - | - |
| | ७ | १२ | ७४८.०० | ८९७६ | ० | ८९७६ | | | - | - | - |
| | ८ | १२ | ८८२.२० | १०५८६.४ | ० | १०५८६.४ | | | - | - | - |
| | ९ | ८ | ७७०.०० | ६१६० | ० | ६१६० | | | - | - | - |
| | १० | १० | ९२४.०० | ९२४० | ० | ९२४० | | | - | - | - |
| | | | | | **जम्मा** | **६२५४५.२** | **६६८४१** | **४२९५.८** | | | |
| | | | | | | | **कुल जम्मा** | २९६३७ | | | |